
annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक ३८, पृष्ठ ८ | काठमाडौं, आइतबार २४ जेठ २०८३ | ज्येष्ठ कृष्णपक्ष सप्तमी, नेपाल संवत् ११४६ | SUNDAY, JUNE 7, 2026 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

आवरण समाचार

## हजारौं कलिला मुनामा कुपोषण




पाँच वर्ष उमेर नपुग्दै देशभरका हजारौं बालबालिका कुपोषणको सिकार बनेका छन् । स्वास्थ्य मन्त्रालयअन्तर्गत राष्ट्रिय पोषण लेखाजोखाले देशभर गरेको परीक्षणअनुसार १८ हजार ३ सय ९ जना बालबालिकामा कडा खालको कुपोषण भेटिएको छ । मन्त्रालयअन्तर्गत परिवार कल्याण महाशाखाका अनुसार ७ सय ७ वटा स्थानीय तहमा कुपोषणको परीक्षण गरिएको थियो । कलिलै उमेरदेखि बालबालिकामा कुपोषण देखिएपछि उनीहरूमा रोग प्रतिरोधात्मक क्षमता पनि कमजोर देखिएको छ । जसकारण बालबालिका विभिन्न रोगको सिकार बन्न पुगेका छन् ।

**केशरराज क्षेत्री** | *बुटवल*


विस्तृत पृष्ठ २

नेपाल-भारत सम्बन्ध

## 'परम्परागत मित्रतामा मात्रै सीमित नराखौं'

### परराष्ट्रमन्त्री खनालको भारतीय समकक्षी एस. जयशंकरसँग उच्चस्तरीय वार्ता

**राधा खनाल** | *काठमाडौं*



भारत भ्रमणमा रहेका परराष्ट्रमन्त्री शिशिर खनाल र भारतीय विदेशमन्त्री एस. जयशंकरबीच शनिबार साँझ नयाँ दिल्लीमा द्विपक्षीय भेटवार्ता भएको छ। भेटवार्तामा नेपाल-भारत सम्बन्धलाई नयाँ चरणमा प्रवेश गराउने, आर्थिक तथा रणनीतिक सहकार्यलाई थप सुदृढ बनाउने र दुवै देशबीचको साझेदारीलाई परिणाममुखी बनाउने विषयमा गहन छलफल भएको बताइएको छ।

भेटवार्ताका क्रममा परराष्ट्रमन्त्री खनालले भारत नेपालको सबैभन्दा महत्वपूर्ण र निकट साझेदार राष्ट्र भएको उल्लेख गर्दै वर्तमान सरकारले भारतसँगको सम्बन्धलाई उच्च प्राथमिकतामा राखेको स्पष्ट पारेका थिए। उनले नेपाल-भारत सम्बन्धलाई केवल परम्परागत मित्रतामा सीमित नराखी विकास, समृद्धि र क्षेत्रीय साझेदारीको नयाँ आधारमा अगाडि बढाउनुपर्ने धारणा राखे।

'नेपालले भारतसँगको सम्बन्धलाई उच्च प्राथमिकतामा राखेको छ। नयाँ सरकारको नेतृत्वमा हामी स्पष्ट उद्देश्यका साथ उच्च तहमा सक्रिय संलग्नता बढाउन तयार छौं,' मन्त्री खनालले वार्ताका क्रममा बताएका थिए। उनका अनुसार व्यापार, ऊर्जा, कनेक्टिभिटी, प्रविधि, शिक्षा तथा पूर्वाधार विकासका क्षेत्रमा दुवै देशबीचको सहकार्यलाई थप ठोस र अर्थपूर्ण बनाउने समय आएको छ।

बाँकी पृष्ठ ६

भारतमा 'जेन-जी' प्रदर्शन

## जन्तर-मन्तरमा उत्रिए 'कक्रोच' समर्थक

**नयाँ दिल्ली** (बीबीसी): नयाँ दिल्लीको जन्तर-मन्तरमा शनिबार 'कक्रोच जनता पार्टी' (सीजेपी) ले विरोध प्रदर्शन गरेको छ। भारतका शिक्षामन्त्री धर्मेन्द्र प्रधानको राजीनामा माग गर्दै सीजेपीले गरेको प्रदर्शन सामान्य झडपबाहेक शान्तिपूर्ण रह्यो।

शनिबार बिहान मात्रै सीजेपीका संस्थापक अभिजित दीपके अमेरिकाबाट दिल्ली आइपुगेका थिए। दिल्ली ओर्लनेबित्तिकै उनले जन्तर-मन्तर पुगेर शिक्षामन्त्रीको राजीनामा माग गर्दै प्रदर्शनको नेतृत्व गरेका थिए। प्रदर्शनमा प्रख्यात पर्यावरण कार्यकर्ता तथा शिक्षाविद् सोनम वाङ्चुक पनि ऐक्यबद्धता जनाउन सहभागी भएका थिए।

जन्तर-मन्तरमा जम्मा भएका युवाहरूको विशाल भीडलाई सम्बोधन गर्दै अभिजित दीपकेले सरकारको कडा आलोचना गरे।

बाँकी पृष्ठ ६

## रविले कोरेको द्विपक्षीय सम्बन्धको खाका

**कमलदेव भट्टराई**

टिप्पणी

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का वरिष्ठ नेता बालेन शाहको नेतृत्वमा नयाँ सरकार गठन भएको दुई महिनापछि नेपाल र भारतबीच विदेशमन्त्री स्तरमा पहिलो औपचारिक वार्ता भएको छ। भारत भ्रमणमा रहेका नेपाली परराष्ट्रमन्त्री शिशिर खनाल र उनका भारतीय समकक्षी डा. एस. जयशंकरबीच शनिबार साँझ नयाँ दिल्लीमा द्विपक्षीय वार्ता सम्पन्न भएको छ। यस वार्तापछि दुवै पक्ष आपसी सम्बन्धलाई नयाँ शिराबाट अगाडि बढाउने विषयमा निकै उत्साहित देखिएका छन्।

राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछानेले हिन्दुस्तान टाइम्सको लेखमार्फत अगाडि सारको दुईपक्षीय सम्बन्धको खाकाअनुसार नै दुई पक्ष अगाडि बढेको देखिन्छ। किनभने भ्रमणको दौरानमा दुवै पक्षले पटक-पटक सो लेखको उल्लेख गरेका छन् र भारतको बौद्धिक क्षेत्रमा यसले प्राथमिकता पाएको देखिन्छ।

**सहकार्यका नयाँ क्षेत्र र भारतीय दृष्टिकोण**

वार्ताका क्रममा भारतीय विदेशमन्त्री एस. जयशंकरले परम्परागत सहकार्यका क्षेत्रहरूलाई निरन्तरता दिँदै अबका दिनमा स्टार्टअप, सूचना प्रविधि, आर्टिफिसियल इन्टेलिजेन्स र नवीकरणीय ऊर्जाका क्षेत्रमा साझेदारी विस्तार गर्ने उपयुक्त अवसर आएको उल्लेख गरे। भारतीय पक्षको उत्साहलाई निम्न बुँदामा बुझ्न सकिन्छ:

बाँकी पृष्ठ ६

अन्नपूर्ण फलोअप

## अमेरिकामा ठगी, नेपालमा शक्तिकेन्द्रसँग लबिइङ





**अन्नपूर्ण** | *अमेरिका*

पछिल्लो समय 'एसोसिएसन अफ नेपाली ओरिजिन' नामक गैरनाफामूलक संस्था निर्माण गरी नेपालको शक्ति केन्द्रमा पहुँच बढाउन सक्रिय डिल्लीराम अधिकारी अमेरिकामा एकपछि अर्को गैरकानुनी क्रियाकलापमा तानिएका छन्। लामो समय भुटानी शरणार्थीका रूपमा नेपालमा बसी तेस्रो मुलुक पुनर्स्थापना कार्यक्रमअन्तर्गत अमेरिका आएका अधिकारी विभिन्न ढंगबाट नेपालमा आफ्नो चर्चा बढाउन उद्यत व्यक्ति हुन्। उनी र उनको नेतृत्वको समितिका पदाधिकारीहरूले पछिल्लो समय प्रतिनिधिसभाका सभामुख डोलप्रसाद अर्याल, परराष्ट्रमन्त्री शिशिर खनालदेखि प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेसका सभापति गगन थापालाई समेत भेटेका छन्।

नेपालका कलाकारहरूलाई अमेरिका बोलाएर होस् वा खेलकुद प्रतियोगिताहरू आयोजना गरेर होस् अथवा विभिन्न सामाजिक सेवाका काममा सक्रिय भएर, अधिकारी नेपालमा आफ्नो प्रभाव देखाउन सक्रिय देखिँदै आएका छन्। अन्तर्राष्ट्रिय गायन प्रतियोगिताका रूपमा 'मेरो भ्वाइस युनिभर्स' र नृत्य प्रतियोगिताका रूपमा 'मेरो डान्स युनिभर्स' नामक रियालिटी शोसमेत अधिकारीले सञ्चालन गर्दै आएका छन्। विश्वका विभिन्न देशमा समेत गएर छनोट शृंखला चल्ने यस रियालिटी शो अधिकारी संस्थापक र अध्यक्ष रहेको 'इन्ट्रा नेसनल वेलफेयर एन्ड सपोर्ट फाउन्डेसन अफ अमेरिका'ले सञ्चालन गर्दै आएको छ। यी दुई प्रतियोगिताको पुरस्कार राशिसमेत जनही १/१ करोड नेपाली रुपैयाँ रहेको छ। अधिकारीले सामाजिक सेवाका कार्यक्रमसमेत यही फाउन्डेसनमार्फत गर्दै आएका छन्।

> अधिकारी विभिन्न गैरकानुनी घटनामा जोडिँदा त्यसले अप्रत्यक्ष रूपमा भुटानी समुदायलाई भने असर गरिरहेको छ । खासगरी सामाजिक रूपमा त्यसले नकारात्मक असर गरिरहेको र राज्यले समेत फरक ढंगले भुटानी समुदायलाई लिने अवस्था बन्ने हो कि भन्ने चिन्तासमेत यसले बढाएको छ ।

आर्थिक हैसियत देखाएर र चर्चामा रहने कार्यक्रम गर्दै अधिकारी नेपालमा आफ्नो पहुँच बढाउन लागिपरेका छन्। पछिल्लो केही वर्षयता विश्वभर रहेका नेपाली भाषीलाई जोडेर संस्था बनाउने भन्दै अधिकारीको नेतृत्वमा 'एसोसिएसन अफ नेपाली ओरिजिन' नामक गैरनाफामूलक संस्था खुलेको छ। यो संस्थाको विभिन्न देशमा शाखाहरूसमेत विस्तार भइरहेका छन्।

अमेरिकामा दर्ता रहेको भनिएको यस संस्थाले अहिले नेपालमा विभिन्न माग राख्दै नेपाल सरकारलाई दबाब बढाउन सक्रियता देखाएको छ। खासगरी गैरआवासीय नेपाली संघभित्र आन्तरिक समस्या झाँगिँदै गएको फाइदा उठाएर अधिकारीको महत्वाकांक्षी भूमिका र अन्य केहीको साथले उनले संस्था निर्माण गरी नेपालका शक्ति केन्द्रमा सीधा पहुँच बनाइरहेका छन्।

फाउन्डेसनमार्फत होस् वा नेपाली मूलका व्यक्तिहरूलाई एकजुट गर्ने र उनीहरूको सेवा गर्ने सहयोगात्मक प्रयासहरू र समावेशी पहलहरूका माध्यमबाट संस्थागत रूपमा नेपाल र नेपाली भाषीलाई सहयोग गर्ने उद्देश्य राखिएको 'एसोसिएसन अफ नेपाली ओरिजिन' मार्फत गरिएका राम्रा काम प्रशंसनीय नै रहने भए तापनि नेपालमा चर्चा कमाइरहेका अधिकारी अमेरिकामा भने एकपछि अर्को गैरकानुनी क्रियाकलापमा तानिन पुगिरहेका छन्। उनको फाउन्डेसनले समेत कर समयमा फाइलिङ नगर्ने गरेको खबर सार्वजनिक भइरहेको छ।

अमेरिकामा गैरनाफामूलक संस्था वा च्यारिटी संस्थामार्फत गरिने सहयोग रकम व्यक्ति वा कम्पनीको खुद नाफाबाट घटाउन सकिने प्रावधान रहेको छ। खुद वार्षिक आम्दानीमा सहयोग रकम घटाउन पनि सकिने, च्यारिटीमा सहभागी हुँदा सामाजिक प्रतिष्ठा पनि बढ्ने अनि निस्वार्थ ढंगले च्यारिटी गर्नेहरूलाई राष्ट्रले पनि उच्च महत्व दिने हुँदा अमेरिकामा च्यारिटीमार्फत सहयोग गर्नेहरू धेरै हुने गर्दछन्। तर, अधिकारीले नेतृत्व गरेको फाउन्डेसनको सन्दर्भमा भने ओहायो राज्यमा मेडिकेड कार्यक्रम दुरुपयोग भएको भनी एक अमेरिकी पत्रकार लुक रोसाइकले 'डेली वायर'मा प्रकाशन गरेको 'मेडिकल मिलियन्स' अन्तर्गतको शृंखलाबद्ध सामग्रीहरूमध्येको 'रिफ्युजी फ्रम भुटान बिल्स मेडिकेड मिलियन्स नाउ दे ड्रिंक स्याम्पेन प्राइभेट जेट्स' शीर्षकको समाचारमा डिल्ली अधिकारीलाई पनि जोडिएको छ। उनले सञ्चालन गरेका हेल्थ केयर सेन्टरहरूले पनि मेडिकेड दुरुपयोग गरेको र फाउन्डेसन पनि वैधानिक ढंगबाट नचलेको आरोप लगाइएको छ।

बाँकी पृष्ठ ६